**श्री भर्ना छनौट निर्देशनालय, कार्यरथी विभाग, जंगी अड्डा**

**सैन्य पदको दरखास्त आव्हान**

**(प्रथम पटक प्रकाशित मिति २०७८/१२/१७ गते)**

१. नेपाली सेनाको स्वीकृत दरबन्दी भित्र रिक्त रहेको सैन्य पद खुल्ला तथा समावेशी प्रतिस्पर्धाबाट पदपूर्ति गर्न योग्यता पुगेका ईच्छुक नेपाली नागरिक स्वयम् उपस्थित भई तोकिएको भर्ना केन्द्रमा रु.१०।- को टिकट टाँसी दरखास्त पेश गर्न आव्हान गरिन्छ ।

२. **विज्ञापन नं. र पदः** विज्ञापन नं.०७८/७९/७७, पदः सैन्य

३. **भर्ना छनौट केन्द्रहरुः**

| भर्ना केन्द्र | खुल्ला तर्फ | कर्तव्य पालनाको सिलसिलामा अशक्त/मृत्यु भएका नेपाली सैनिकका सन्तती | समावेशी तर्फ | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | | | महिला | आदिवासी/ जनजाति | मधेशी | दलित | पि.क्षे. | |
| श्री उपत्यका कमाण्ड हे.क्वा, नारायणहिटी व्यारेक, काठमाण्डौं (सम्पर्क नं.०१-४४१३३४२, ०१-४-४४३४००) | १८३ | १० | ३१ | ५० | ४४ | २४ | ८ | **३५०** |
| श्री ईन्द्रबक्स गण, सुर्यविनायक व्यारेक, भक्तपुर (सम्पर्क नं.०१-५०९२२८६, ०१-५०९२१५६) | ५२ | ३ | ९ | १४ | १३ | ७ | २ | **१००** |
| श्री नयाँ श्रीनाथ गण, चारआली व्यारेक, झापा (सम्पर्क नं.०२३-४६००८०) | ५२ | ३ | ९ | १४ | १३ | ७ | २ | **१००** |
| श्री रणशेर गण, ओदिम व्यारेक, पाँचथर (सम्पर्क नं.०२४५२००९५, ०२४५२०१२३) | २७ | १ | ५ | ७ | ६ | ३ | १ | **५०** |
| श्री भीमकाली गुल्म, तोक्मे व्यारेक, ताप्लेजुङ (सम्पर्क नं.०२४-४६०२५५) | २७ | १ | ५ | ७ | ६ | ३ | १ | **५०** |
| श्री नयाँ भैरवीदल गुल्म, खाँदबारी व्यारेक, संखुवासभा (सम्पर्क नं.०२९-५६२१३१) | २७ | १ | ५ | ७ | ६ | ३ | १ | **५०** |

| भर्ना केन्द्र | खुल्ला तर्फ | कर्तव्य पालनाको सिलसिलामा अशक्त/मृत्यु भएका नेपाली सैनिकका सन्तती | समावेशी तर्फ | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | | | महिला | आदिवासी/ जनजाति | मधेशी | दलित | पि.क्षे. | |
| श्री भीमदल गण, सल्लेरी व्यारेक, धनकुटा (सम्पर्क नं. ०२६-५२३४०३) | २७ | १ | ५ | ७ | ६ | ३ | १ | **५०** |
| श्री कृष्णदल गण, ईटहरी व्यारेक, सुनसरी (सम्पर्क नं.०२५-५८५८५५) | १३१ | ७ | २२ | ३६ | ३१ | १७ | ६ | **२५०** |
| श्री नं.२७ बाहिनी अड्डा, चोहर्वा व्यारेक, सिरहा (सम्पर्क नं.०३३-४०११०६) | ७९ | ४ | १३ | २२ | १९ | १० | ३ | **१५०** |
| श्री अरिदमन गण, ओखलढुङ्गा व्यारेक, ओखलढुङ्गा (सम्पर्क नं.०३७-५२०२००, ०३७-५२०५७६) | ५२ | ३ | ९ | १४ | १३ | ७ | २ | **१००** |
| श्री रणभिम गण, प्रकौली व्यारेक, महोत्तरी (सम्पर्क नं.०४४५२०४५२, ०४४५२०६८४) | ५२ | ३ | ९ | १४ | १३ | ७ | २ | **१००** |
| श्री गोरखबक्स गण, लक्ष्मणडाँडा व्यारेक, चौतारा, सिन्धुपाल्चोक (सम्पर्क नं.०११-६२००९४, ०११-६२००९४) | ५२ | ३ | ९ | १४ | १३ | ७ | २ | **१००** |
| श्री वीरदल गण, "ख" गुल्म, चन्द्रपुर व्यारेक, रौतहट (सम्पर्क नं.०५५-५२०९२०, ०५५-५२०९३०) | ५२ | ३ | ९ | १४ | १३ | ७ | २ | **१००** |
| श्री नं.२८ बाहिनी अड्डा, सुपारेटार व्यारेक, हेटौडा (सम्पर्क नं.०५७-४१९०००) | ७९ | ४ | १३ | २२ | १९ | १० | ३ | **१५०** |
| श्री नं.६ बाहिनी अड्डा, बैरेनी व्यारेक, धादिङ्ग (सम्पर्क नं.०१०-४०३०४०) | ५२ | ३ | ९ | १४ | १३ | ७ | २ | **१००** |
| श्री काली बहादुर गण, भरतपुर व्यारेक, चितवन (सम्पर्क नं.०५६-५२६६७७) | ७९ | ४ | १३ | २२ | १९ | १० | ३ | **१५०** |
| श्री नं.२२ बाहिनी अड्डा, योगीकुटी व्यारेक, बुटवल (सम्पर्क नं.०७१-५५१२५३, ०७१-५४६८२२) | १८३ | १० | ३१ | ५० | ४४ | २४ | ८ | **३५०** |

| भर्ना केन्द्र | खुल्ला तर्फ | कर्तव्य पालनाको सिलसिलामा अशक्त/मृत्यु भएका नेपाली सैनिकका सन्तती | समावेशी तर्फ | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | | | महिला | आदिवासी/ जनजाति | मधेशी | दलित | पि.क्षे. | |
| श्री भगवतीदल गण, फुलबारी व्यारेक, पोखरा, कास्की (सम्पर्क नं.०६१-५७०१७०) | १८३ | १० | ३१ | ५० | ४४ | २४ | ८ | **३५०** |
| श्री श्रीमेहर गण, शेराडिल व्यारेक, बागलुङ (सम्पर्क नं.०६८-६२००८२) | ५२ | ३ | ९ | १४ | १३ | ७ | २ | **१००** |
| श्री नं.१९ बाहिनी अड्डा, तुलसीपुर व्यारेक, दाङ्ग (सम्पर्क नं.०८२-५२२२९९) | ७९ | ४ | १३ | २२ | १९ | १० | ३ | **१५०** |
| श्री नं.४ बाहिनी अड्डा, ईमामनगर व्यारेक, नेपालगञ्ज (सम्पर्क नं.०८१–५६५१९५) | १०५ | ५ | १८ | २९ | २५ | १४ | ४ | **२००** |
| श्री पश्चिम कमाण्ड हे.क्वा., निमारे व्यारेक, सुर्खेत (सम्पर्क नं.०८३-४१४०२३) | १८३ | १० | ३१ | ५० | ४४ | २४ | ८ | **३५०** |
| श्री नं.२४ बाहिनी अड्डा, देवलडाँडा व्यारेक, जुम्ला (सम्पर्क नं.०८७-५२०४७४) | ५२ | ३ | ९ | १४ | १३ | ७ | २ | **१००** |
| श्री श्रीबक्स गुल्म, गमगढी व्यारेक, मुगु (सम्पर्क नं.९९४-८७००३६) | २७ | १ | ५ | ७ | ६ | ३ | १ | **५०** |
| श्री नं.२५ बाहिनी अड्डा, भगतपुर व्यारेक, महेन्द्रनगर (सम्पर्क नं.०९९-५२५४४४) | १०५ | ५ | १८ | २९ | २५ | १४ | ४ | **२००** |
| श्री रणबम गण, दह व्यारेक, डडेल्धुरा (सम्पर्क नं.०९६-४२०२००, ०९६-४२०५४०) | ७९ | ४ | १३ | २२ | १९ | १० | ३ | **१५०** |
| श्री बराहदल गुल्म, रानीबन व्यारेक, हुम्ला (सम्पर्क नं.०८७-६८००२१) | २७ | १ | ५ | ७ | ६ | ३ | १ | **५०** |
| **कुल जम्मा** | **२०९८** | **११०** | **३५८** | **५७२** | **५०५** | **२७२** | **८५** | **४०००** |

४. **<u>दरखास्त फाराम पेश गर्ने मिति र स्थानः</u>**

(क) **<u>दरखास्त पेश गर्ने मितिः</u>** मिति २०७८/१२/१७ गतेदेखि मिति २०७९/०१/१६ गतेसम्म र दोब्बर दस्तुर बुझाई मिति २०७९/०१/१७ गतेदेखि मिति २०७९/०१/२३ गतेसम्म कार्यालय समय भित्र दर्ता गर्न सकिनेछ ।

(ख) **<u>दरखास्त फाराम वितरण तथा पेश गर्ने स्थानः</u>** सम्वन्धित भर्ना केन्द्रहरुबाट नै दरखास्त फाराम वितरण गरिनेछ र उल्लेखित स्थानमा नै पेश गर्नु पर्नेछ ।

५. **<u>दरखास्त दस्तुरः</u>**

(क) दरखास्त फाराम बुझाउंदा रु. १५०।- (एक सय पचास रुपैया मात्र) को दस्तुर तथा सोही विज्ञापनमा एकभन्दा बढी समुहमा दरखास्त दिएमा प्रत्येक समुहको लागि २०% का दरले थप दस्तुर लाग्नेछ । साथै, सम्बन्धित भर्ना केन्द्रहरुले तोकेको **बैंक खाता नम्बर, कार्यालय कोड र राजश्व शीर्षक नम्बर परीक्षा शुल्क** खातामा जम्मा गर्नु भई सो को सक्कल भौचर तथा प्रतिलिपि प्रति- १/१ (एक/एक) दरखास्त फाराम साथ उक्त भर्ना केन्द्रमा पेश गर्नु पर्नेछ ।

६. **<u>आवश्यक योग्यता</u>**

(क) **<u>न्युनतम् शैक्षिक योग्यता.</u>**

| सि.नं. | शैक्षिक योग्यता |
|---|---|
| १ | (क) कक्षा ८ (आठ) उत्तीर्ण गरेको हुनुपर्नेछ । कक्षा ९ (नौं) र १० (दश) उत्तीर्ण हुनेहरुले पनि कक्षा ८ (आठ) उत्तीर्णको शैक्षिक योग्यताको प्रमाण-पत्र अनिवार्य रुपमा बुझाउनु पर्नेछ र कक्षा ८ (आठ) उत्तीर्णको प्रमाण-पत्रमा न्यूनतम २ GPA अनिवार्य हुनुपर्ने र कुनै पनि विषयमा D+ भन्दा कम हुन नहुने ।<br><br>(ख) एस.एल.सी./एस.ई.ई. वा सो भन्दा माथिको शैक्षिक योग्यताको प्रमाण -पत्र पेश गर्नेहरुले पेश गरेको प्रमाण -पत्रहरु मध्ये माथिल्लो शैक्षिक योग्यताको प्रमाण-पत्रमा न्यूनतम २ GPA अनिवार्य हुनुपर्ने र कुनै पनि विषयमा D+ भन्दा कम हुन नहुने । साथै, यस बमोजिम प्रमाण -पत्र पेश गर्ने उम्मेदवारहरुले एस.एल.सी./एस.ई.ई. सहित हासिल गरेको सबै शैक्षिक योग्यताको प्रमाण-पत्रको प्रतिलिपि बुझाउनु पर्नेछ । |

(ख) **<u>शारीरिक योग्यता</u>**

| सि.नं. | पुरुष | महिला | कैफियत |
|---|---|---|---|
| १ | (क) **उचाईः** न्युनतम ५ फिट ३ ईन्च<br>(ख) **छातीः** नफुलाउंदा न्युनतम ३२ ईन्च र फुलाउंदा न्युनतम ३४ ईन्च<br>(ग) **वजनः** न्युनतम ५० के.जि.(११० पौण्ड) | (क) **उचाईः** न्युनतम ५ फिट ० ईन्च<br>(ख) **वजनः** न्युनतम ४० के.जी. (८८ पौण्ड) | चस्मा प्रयोग गर्ने भएमा आंखा ± २ भन्दा बढी कमजोर नभएको हुनु पर्ने |

(ग) **अन्य योग्यताः**

(१) उल्लेखित पदका उम्मेदवारहरु स्वास्थ्य परीक्षणबाट योग्य ठहरिएको, नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट सजाय नपाएको, तत्काल कुनै राजनैतिक दलको सदस्य नरहेको, कुनै अपराधिक गतिविधिमा संलग्न नभएको वा नरहेको, कुनै ध्वंसात्मक उद्देश्य भएको संस्थाको सदस्य नभएको वा नरहेको, नेपाल विरुद्ध जासुसी गरेको अभियोगमा सजाय नपाएको, मानव अधिकार र मानवीय कानूनको उल्लंघनमा सजाय नपाएको तथा भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य ठहरिने गरी सेवाबाट बर्खास्त नभएको हुनु पर्नेछ । साथै, अन्य योग्यताको हकमा **"सैनिक सेवाको पदमा नियुक्ति र बढुवा गर्दा अपनाउनु पर्ने सामान्य सिद्धान्त, २०६४"** र **"सैनिक सेवा नियमावली, २०६९" (संसोधन सहित)**मा उल्लेख भए अनुसार हुनु पर्नेछ ।

(२) सैन्य पदका उम्मेदवारहरुको हकमा अबिवाहित हुनुपर्ने (बहालवाला सैनिक व्यक्ति बाहेक) ।

७. **उमेरको हदः** उम्मेदवारहरु दरखास्त पेश गर्ने अन्तिम मिति २०७९/०१/१६ गतेसम्म १८ वर्ष पूरा भई २२ वर्ष ननाघेको र बहालवाला उम्मेदवारहरुको हकमा २६ वर्ष ननाघेको हुनु पर्नेछ ।

८. **नेपाली सेनाका बहालवाला उम्मेदवारहरुको लागि**

(क) दरखास्त पेश गर्ने अन्तिम मिति २०७९/०१/१६ गतेका दिन न्युनतम सेवा अवधि १ (एक) बर्ष पुरा भएको हुनु पर्नेछ ।

(ख) युनिटपति/सम्बन्धित पतिको सिफारिस अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।

९. **दरखास्त साथ समावेश गर्नुपर्ने आवश्यक कागजातहरुः** देहाय बमोजिमका कागजातहरुको प्रतिलिपि उम्मेद्वारहरु स्वयम्ले प्रमाणित गरी १/१ (एक/एक) प्रतिका दरले नेपाली फायलमा राखी पेश गर्नु पर्नेछ । केरमेट तथा दोहोरो लेखिएको प्रमाण-पत्रहरु मान्यता हुने छैन । दरखास्त दिन आउंदा, पेश गरिने सबै कागजातहरुको सक्कल प्रति अनिवार्य रुपमा साथमा ल्याउनु पर्नेछ ।

(क) नेपाली नागरिकताको प्रमाण-पत्र ।

(ख) सबै शैक्षिक तहहरुको योग्यताको प्रमाण पत्रको लब्धाङ्क पत्र, चारित्रिक प्रमाण-पत्र र ओरिजिनल/प्रोभिजनल प्रमाण-पत्र ।

(ग) नेपालको विश्वविद्यालय वाहेक अन्य देशका बोर्ड तथा विश्वविद्यालयबाट उपाधी हासिल गर्नेहरुको हकमा त्रि.वि.वि.बाट प्रकाशित समकक्षताको मान्यता प्राप्त पुस्तकबाट आफुले हासिल गरेको उपाधीको समकक्षताको फोटोकपी र माईग्रेसन (स्थानान्तरण) को प्रमाण-पत्र समेत अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।

(घ) शैक्षिक योग्यता वाहेक आफुले प्राप्त गरेको अन्य प्रमाण-पत्रहरु (अतिरिक्त क्रियाकलाप) र विविध विषय सम्बन्धी प्रमाण-पत्रहरु ।

(ङ) **समावेशी तर्फ दरखास्त दिने उम्मेदवारहरुको हकमा निम्न थप कागजातहरु समेत पेश गर्नु पर्नेछः**

(१) आदिवासी/जनजातिका लागि नेपाल आदिवासी/जनजाति राष्ट्रिय उत्थान प्रतिष्ठानबाट आदिवासी/जनजाति भनी प्रमाणित भएको प्रमाणपत्रको प्रतिलिपी १ (एक) प्रति । तर, नेपाल आदिवासी/जनजाति राष्ट्रिय उत्थान प्रतिष्ठान ऐनमा सूचिकृत भएको जाति भित्र एकभन्दा बढी थरहरु भएमा सम्बन्धित स्थानीय निकायको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट सूचिकृत भएको जाति भित्रको थर भनि प्रमाणित गराई दरखास्त साथ पेश गर्नु पर्नेछ ।

(२) दलितका लागि राष्ट्रिय दलित आयोगबाट दलित भनी प्रमाणित भएको प्रमाणपत्रको प्रतिलिपी १ (एक) प्रति । तर, राष्ट्रिय दलित आयोगबाट सूचिकृत भएको जाति भित्र एकभन्दा बढी थरहरु भएमा सम्बन्धित स्थानीय निकायको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट सूचिकृत भएको जाति भित्रको थर भनि प्रमाणित गराई दरखास्त साथ पेश गर्नुपर्ने छ ।

(३) मधेशीका लागि नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोके बमोजिमको संस्थाबाट मधेशी भनि प्रमाणित भएको तर नेपाल राजपत्रमा सूचना प्रकाशन गरी संस्था नतोकेसम्म सम्बन्धित स्थानीय निकायको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट मधेशी भनि प्रमाणित भएको प्रमाणपत्रको प्रतिलिपि १ (एक) प्रति ।

(४) पिछडिएको क्षेत्रका लागि अछाम, कालीकोट, जाजरकोट, जुम्ला, डोल्पा, बझाङ्ग, बाजुरा, मुगु, हुम्ला, मनाङ्ग र मुस्ताङ्ग जिल्लामा स्थायी बसोबास गरी सम्बन्धित जिल्लाबाट नै नागरिकताको प्रमाणपत्र प्राप्त गरेको तथा सम्बन्धित गाउंपालिका/नगरपालिकाबाट दरखास्त दिंदाका बखतसम्म सोही स्थानमा स्थायी बसोबास गरेको सिफारिसको प्रतिलिपि १ (एक) प्रति । सो सिफारिस पत्र सिफारिस भएको मितिले ३ (तीन) महिना अवधिको लागि मात्र मान्य हुनेछ ।

(च) **सैनिक तालिम वा आफ्नो कर्तव्य गर्दा गर्दै कुनै शारीरिक चोट पटक लागि सोही कारणबाट शारीरिक रुपमा अशक्त भएका र कर्तव्य पालनाको सिलसिलामा मृत्यु भएका नेपाली सैनिकका सन्ततिहरुको हकमा निम्न थप कागजदहरु सम्बन्धित उम्मेदवार स्वयंले प्रमाणित गरी पेश गर्नु पर्नेछः**

(१) श्री समारोह संचालन निर्देशनालयबाट प्रकाशित साहाराको जरुरतको नामावली लगतमा नाम समावेश भएको हुनुपर्ने ।

(२) निबृत्तिभरण अधिकार पत्र (पेन्सन पट्टा) मा वीरगती वा अशक्त भनि उल्लेख भएको व्यहोराको प्रमाणित प्रतिलिपि प्रति- १ (एक) ।

(३) बहालवालाको हकमा सैनिक सेवा नियमावली, २०६९ को दफा १०७ अनुसार मेडिकल बोर्डको सिफारिस पत्रको प्रतिलिपि प्रति- १ (एक) ।

(४) सम्बन्धित उम्मेदवारसंगको नाता प्रमाणितको प्रतिलिपि प्रति १ (एक) ।

१०. **तस्वीर (Photograph)**: उम्मेदवारहरुले हालसालै खिचेको पासपोर्ट साईजको पुरै मुखाकृति (दुबै कान समेत) प्रष्ट देखिने एकै किसिमको फोटो (पुरुषको हकमा दाह्री र कपाल काटेको) प्रति- ३ (तीन) र २X२ साईजको फोटो प्रति- १ (एक) दरखास्त साथ पेश गर्नु पर्नेछ ।

११. **परीक्षाको लागि सम्पर्क मिति र स्थानः** मिति २०७९/०२/०५ गतेको १३०० बजे दरखास्त पेश गरेको सम्वन्धित भर्ना केन्द्रमा ।

१२. **छनौट प्रक्रियाः** सम्वन्धित भर्ना केन्द्रहरुमा निम्न अनुसारको परीक्षाहरु संचालन हुनेछ । कुनै पनि परीक्षामा अनुत्तिर्ण हुने उम्मेदवार त्यसपछि संचालन हुने परीक्षामा सहभागी हुन पाउने छैनन् ।

(क) **भर्ना छनौट केन्द्रः** दरखास्त लिने तथा तल उल्लेखित सम्पूर्ण परीक्षाहरु संचालन गरी अन्तिम नतिजा प्रकाशन गर्ने ।

(ख) **वियरिङ्ग परीक्षाः** यस परीक्षामा उम्मेदवारहरुको उचाई, वजन, छाती (महिला उम्मेदवार बाहेकको) र शारीरिक बनावट परीक्षण गरिने छ । शारीरिक बनावट परीक्षणमा हेरिने बुदांहरु निम्नानुसार रहेकोः

(१) **अंगभंग नभएकोः**

(अ) सैनिक कार्य क्षमतामा असर पर्ने हुन नहुने ।

(आ) खुंडे भएमा अस्वभाविक दाग/खत र खुंडेको कारण कुरुप हुन नहुने साथै स्पष्ट बोली हुनु पर्ने ।

(इ) शरीरको अवयवहरु टुटफुट भएको वा भांचिएको हुन नहुने ।

(ई) कुटपिट आदिद्धारा ठुलो चोटपटक लागी शरीरको कुनै भाग वा अंगमा खती पुगेको हुन नहुने ।

(उ) अस्वभाविक किसिमको चोट वा खत भएको हुन नहुने । (स्याण्डो र घुंडा भन्दा माथिसम्म आउने कट्टु लगाउंदा छोपिने बाहेक बांकी भागमा अस्वभाविक दाग देखिने हुन नहुने)

(ऊ) सामान्य मानिसमा हुनु पर्ने अंग भन्दा अस्वभाविक देखिने तथा थप अंग (जस्तैः एक हातमा ६ वटा औंला, कानमा मासु पलाएको तीनकाने, अनुहार तथा शरीरमा अस्वभाविक देखिने ग्रहणको टाटो) भएको हुन नहुने ।

(ए) अंगभंगको कारणबाट अस्वभाविक घाउ वा दाग भएको हुन नहुने ।

(ऐ) हात, खुट्टा लामो छोटो भएको हुन नहुने ।

(२) **कुरूप नदेखिने/शरीरमा अस्वभाविक दागहरु नभएकोः**

(अ) अनुहारमा छालाको सतह भन्दा माथी उठेको कोठी भई हिस्सी वा अनुहार नपरी विरुप देखिने तथा अंगभंग भई कुरुप देखिने हुन नहुने ।

(आ) रोग वा चोट पटकको कारण अनुहारमा अस्वभाविक छ्याका भएको हुन नहुने ।

(३) **हात खुट्टा बाङ्गो टिङ्गो नभएको र औंलाहरू ठिक भएको/Palmer Hydrosis Hyposis:**

(अ) हात खुट्टा बाङ्गो टिङ्गो देखिने, अपरेशनको कारणबाट हात खुट्टा टेढो भएको हुन नहुने ।

(आ) हात खुट्टाको औंलाहरु अस्वभाविक रुपमा नजोडिने हुन नहुने ।

(इ) Palmer Hydrosis Hyposis हत्केलामा पसिना आई पकड क्षमतामा ह्रास आउने हुन नहुने ।

(४) **घुंडा नजोडिनेः**

(अ) सतर्क पोजिशनमा उभिंदा घुंडा नजोडिने ।

(आ) Bow legs: दुबै खुट्टा जोडेर उभिंदा घुंडा बीच ८ से.मी. भन्दा धेरै ग्याप हुन नहुने ।

(५) **शरीरमा ट्याटु मार्क नबनाएको/भेरिकोच हुन नहुनेः**

(अ) शरीरको कुनै पनि भागमा ट्याटु मार्क हुन नहुने ।

(आ) भेरिकोच भएको हुन नहुने ।

(६) **शरीरमा मुसा नभएकोः**

(अ) शरीरको कुनै पनि भागमा छरिएर धेरै संख्यामा मुसा भएको हुन नहुने ।

(आ) हातखुट्टा, अनुहार तथा शरीरको कुनै पनि भागमा अस्वभाविक मुसा हुन नहुने ।

(७) **धेरै चेप्टो पैताला नभएकोः** Flat Foot: धेरै चेप्टो पैताला हुन नहुने ।

(८) **दांत नझरेकोः**

(अ) अस्वभाविक रुपमा उपड खापड, दारा आएको तथा दांत बाहिर निस्केको हुन नहुने ।

(आ) अगाडी भागको दांत नझरेको, अगाडीको दांत किरा नलागेको तथा झरेको ठांउमा नक्कली दांत लगाएको हुन नहुने ।

(इ) एउटा बंगारासम्म झरेको लिन सकिने । साथै अन्य दांत किराले खाएको भए दांत भरेको हुन पर्ने ।

(ई) दांत बांधेको अवस्थामा लिन सकिने ।

(उ) भांचिएको दांत आर.सि.टि गरेको हुनुपर्ने ।

(९) **ढाड कुप्रो नभएको, शरीरपुरा झुकाउन सक्ने, जिउ कोल्टे नपरेको**:

(अ) ढाड कुप्रो नभएको हुनुपर्ने ।

(आ) शरीर पुरा झुकाउन सक्ने हुनुपर्ने ।

(इ) जिउ कोल्टे नपरेको हुनुपर्ने ।

(१०) **दुवी नभएको**:

(अ) सर्ने किसिमको दुवी (Vilitigo) हुन नहुने ।

(आ) शरीरमा अस्वभाविक देखिने दुवि हुन नहुने ।

(११) **कपाल नझरेको, नफुलेको वा नरंगाएको**:

(अ) कुनै किसिमको रोग वा चोटपटकको कारण कपाल झरी अस्वभाविक देखिने हुन नहुने ।

(आ) अस्वभाविक रुपमा कपाल फुलेको हुन नहुने ।

(इ) कपाल रङ्गाएको हुन नहुने ।

(१२) **आंखा डेढो नभएको, आंखा चिम्लन सक्ने**:

(अ) डेढो आंखा भएको हुन नहुने ।

(आ) दुवै आंखाको आकार समान भएको हुनुपर्ने ।

(इ) दांया हात चलाउनेको हकमा वांया आंखा र वांया हात चलाउनेको हकमा दांया आंखा चिम्लन सक्ने हुनुपर्ने ।

(ई) कलर भिजन समस्या हुन नहुने ।

(उ) कन्टयाक लेन्स प्रयोग गरेको हुन नहुने ।

(ऊ) आंखाको भिजन ६/६ हुनुपर्ने ।

(ए) चस्माको प्रयोग गर्नेको हकमा चस्माको पावर ±२.० हुनुपर्ने ।

(ऐ) Refractive Surgery (चस्मा लगाउन नपर्ने अपरेशन) गरेको भए आवेदन दरखास्त दिंदाको बखतसम्म अपरेशन गरेको कम्तीमा १ वर्ष भएको हुनुपर्ने साथै सो संग सम्बन्धित कागजपत्र समेत पेश गर्नु पर्ने ।

(१३) **प्रष्ट बोली भएको, भकभकाउने र लठ्यौरो हुन नहुने**: कुनै पनि लेख्दा पढ्दा वा लामो समयसम्म कुरा गर्दा नभकभकाउने तथा स्पष्ट उच्चारण/बोली भएको हुनुपर्ने । साथै कासन (कमाण्ड) बोलि उच्चारण गर्दा रोकिएर/अड्कीएर वा शव्द दोहोर्याढएर उच्चारण गर्ने हुन नहुने ।

(१४) **उचाई अनुसार हुनु पर्ने तौल भन्दा बढी तौल नभएको (BMI फिट) र शरीर मोटो तर हात खुट्टा झिनो नदेखिने**:

(अ) अस्वभाविक रुपमा बढी तौल भएको (Obesity) हुन नहुने ।

(आ) अस्वभाविक रुपमा कम तौल भएको हुन नहुने ।

(इ) BMI फिट (१६ देखि २७ सम्म) हुनुपर्ने ।

(ग) **बि.एम.आई. र प्रारम्भिक स्वास्थ्य परीक्षण:** मान्यता प्राप्त चिकित्सकहरुद्वारा उम्मेदवारहरुको प्रारम्भिक स्वास्थ्य परीक्षणका साथै BMI समेत परीक्षण गरिनेछ । यस परीक्षणमा नाक, कान, आंखा (कलर भिजन), ब्लड प्रेसर, हर्निया, पाईल्स, छाला आदि हेरिनेछ ।

(घ) **शारीरिक परीक्षा:** माथि उल्लेखित न्यूनतम मापदण्ड पुरा गर्ने उम्मेदवारहरु त्यस पछाडी संचालन हुने परीक्षामा सहभागी हुनेछन् । पास, उत्तम र अति उत्तम छुट्टाईएका पदहरुको हकमा पुर्णाङ्क १०० को शारीरिक परीक्षा संचालन हुनेछ । साथै पास, उत्तम र अति उत्तमलाई क्रमश ४०, ७० र १०० प्रतिशत अङ्क प्रदान गरिने छ ।

(१) **सैन्य**

| लिङ्ग | परीक्षा विवरण | पास | उत्तम | अति उत्तम | कै |
|---|---|---|---|---|---|
| | | विवरण | विवरण | विवरण | |
| पुरुष | सिटअप | १५-१९ पटक | २०-२४ पटक | २५ पटक वा सो भन्दा बढी | |
| | पुसअप | १२-१५ पटक | १६-१९ पटक | २० पटक वा सो भन्दा बढी | |
| | चिनअप | ५-७ पटक | ८-१० पटक | ११ पटक वा सो भन्दा बढी | |
| | ३०० मिटर दौड | ५१-५५ सेकेण्ड | ४६-५० सेकेण्ड | ४५ सेकेण्ड भित्र | |
| | २ माईल दौड | १३ मिनेट १ सेकेण्ड देखि १४ मिनेट | १२ मिनेट १ सेकेण्ड देखि १३ मिनेट | १२ मिनेट भित्र | |
| महिला | सिटअप | ८-११ पटक | १२-१५ पटक | १६ पटक वा सो भन्दा बढी | |
| | पुसअप | ६-९ पटक | १०-१३ पटक | १४ पटक वा सो भन्दा बढी | |
| | ३०० मिटर दौड | ५६-६० सेकेण्ड | ५१-५५ सेकेण्ड | ५० सेकेण्ड भित्र | |
| | २ माईल दौड | १६ मिनेट १ सेकेण्ड देखि १८ मिनेट | १४ मिनेट १ सेकेण्ड देखि १६ मिनेट | १४ मिनेट भित्र | |

(ङ) **लिखित परीक्षा:** निम्न पदका उम्मेदवारहरुको देहाय बमोजिम पूर्णाङ्कको लिखित परीक्षा **श्री लोक सेवा आयोगले** संचालन गर्नेछ । साथै, बस्तुगत बहु उत्तर प्रश्नको गलत उत्तरको २० प्रतिशत अंक कट्टा हुनेछ ।

| सि.नं. | पद | विषय तथा समय | | कै |
|---|---|---|---|---|
| | | विविध (अंग्रेजी, नेपाली, गणित र सामान्य ज्ञान) | | |
| | | पूर्णाङ्क | समय | |
| १ | सैन्य | १०० | २ घण्टा ३० मिनेट | |

(च) **विस्तृत स्वास्थ्य परीक्षण:** मान्यता प्राप्त चिकित्सकहरुबाट विस्तृत स्वास्थ्य परीक्षण गरिनेछ । साथै, उम्मेदवारहरुको बिस्तृत स्वास्थ्य परीक्षण गर्दा तोकिए बमोजिम शुल्क लाग्नेछ ।

(छ) **बोर्ड अन्तरवार्ता:** पदपूर्ति समितिका पदाधिकारीहरुबाट अन्तरवार्ता हुनेछ ।

१३. **<u>तलब, भत्ता, राशन तथा अन्य सुविधाहरुः</u>** नेपाली सेनामा प्रचलित नियम र व्यवस्था अनुसार ।

१४. **<u>अन्य शर्तहरुः</u>**

(क) नेपाल सरकार वा अन्य अर्ध सरकारी संघ संस्थामा कार्यरत व्यक्तिले उम्मेदवारी दिंदा विभागीय स्वीकृति अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।

(ख) छनौट परीक्षाको दौरान आ-आफ्नो व्यक्तिगत सुरक्षाको साथै परीक्षा अवधिभर कुनै किसिमको दुर्घटना भएमा सोको जिम्मेवार स्वयं उम्मेदवार हुनेछ ।

(ग) छनौट परीक्षाको क्रममा उम्मेदवारहरुले आ-आफ्नै व्यवस्थाबाट तोकिएको स्थान र समयमा प्रतिवेदन गर्नु पर्नेछ । साथै, हरेक परीक्षामा सहभागी हुन आउंदा सम्बन्धित उम्मेदवारहरुले आ-आफ्नो सक्कल नागरिकता साथमा लिई आउनु पर्नेछ ।

(घ) उम्मेदवारहरु महिला/पुरुष दुवै अविवाहित हुनु पर्नेछ र तालिम अवधिभर विवाह गर्न पाईने छैन ।

(ङ) समावेशी तर्फ प्रतिस्पर्धा गर्न चाहने उम्मेदवारहरुको हकमा आदिवासी/जनजाति, मधेशी, दलित मध्ये कुनै एक समुदायमा मात्र प्रतिस्पर्धा गर्न सक्नेछन् । तर महिलाको हकमा यो व्यबस्था लागु हुने छैन । साथै पिछडिएको क्षेत्रका (महिला/पुरुष) उम्मेदवारहरुले पिछडिएको क्षेत्र कोटामा समेत दरखास्त दिई प्रतिस्पर्धा गर्न सक्नेछन् ।

(च) महिलाको हकमा Direct Combat Duties/Close Combat Role (लडाईको समयमा अग्रभागमा गई प्रत्यक्ष रुपमा लड्ने कार्य) गर्ने नेपाली सेनाका निकायहरु बाहेकका Combat Related Duties/Combat Support/Combat Service (लडाईमा प्रत्यक्ष संलग्न फौजलाई पछाडी रहेर सेवा र सहयोग पुर्‍याउने कार्य) गर्ने नेपाली सेनाका निकायहरुमा समावेश गराईनेछ ।

(छ) एउटै विज्ञापन नं. र समान पदमा एक मात्र भर्ना केन्द्रबाट आवेदन दिन पाईनेछ ।

(ज) उम्मेदवारहरुले पेश गरेको सम्पूर्ण विवरणहरुको सक्कल प्रति दरखास्त फाराम भर्दा र अन्तरवार्तामा समेत पेश गर्नु पर्नेछ । उम्मेदवारहरुले पेश गरेको विवरण झुठ्ठा ठहरिएमा प्रचलित कानुन अनुसार कारवाही हुनेछ ।

(झ) नेपाली सेनाको भर्ना प्रकृयामा सहभागि हुने उम्मेदवार तथा अन्य व्यक्तिहरुले भनसुन, आर्थिक लेनदेन लगायतका गैह्र कानूनी कार्य गरेको पाइएमा छनौट परीक्षाबाट निष्काशन गरी सैनिक व्यक्तिको हकमा सैनिक ऐन तथा अन्य व्यक्तिको हकमा प्रचलित कानून बमोजिम कारवाही गरिनेछ ।

**<u>नोटः</u>**

(क) श्री लोक सेवा आयोगसंग परामर्श लिई तयार पारिएको **"सैनिक सेवाको पदमा नियुक्ति र बढुवा गर्दा अपनाउनु पर्ने सामान्य सिद्धान्त २०६४"** र **"सैनिक सेवा नियमावली २०६९" (संसोधन सहित)** को आधारमा पदपूर्ति गरिने छ ।

(ख) सम्वन्धित पदको पाठ्यक्रमहरु र भर्ना छनौट सम्वन्धी सूचना नेपाली सेनाको वेबसाईट **www.nepalarmy.mil.np** तथा **Android Mobile Apps "Nepali Army"** भित्र **Vacancy** मा पनि हेर्न र डाउनलोड गर्न सकिने छ ।

(ग) थप केही जानकारी लिनु परेमा आफुलाई पायक पर्ने भर्ना केन्द्रहरु तथा नेपाली सेनाको नजिकको व्यारेकमा सम्पर्क राख्नु हुन समेत सूचित गरिन्छ ।